# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०६।२१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवल रूपन्देहीका कार्यालय प्रमुख सन्तोष साहले स्रोत नखुलेको रकम अन्दाजी रु.८/१० लाख रुपैयाँ साथमा लिई लु १ ज ९५ नम्बरको गाडीमा बुटवलबाट काठमाडौंतर्फ आउने हुँदा निजलाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरी पाउँ भन्ने गोप्य सूचना अनुसार निज बुटवलबाट काठमाडौं तर्फ आउँदै गर्दा जिल्ला धादिङ्ग धुनिवेशी नगरपालिका वडा नं ८ खानीखोलामा फेला पारी निजको खानतलासी गर्दा स्रोत नखुलेको जम्मा नगद रु.२,३३,५००/-, विभिन्न रकम जम्मा गरेको भौचरहरु, हिसाब किताबको अभिलेख रहेको सेतो कागजको टुक्रा (चिट), चेकबुक, भीजा कार्ड, डायरी तथा मोबाइल सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज इन्जिनियर सन्तोष साहलाई पक्राउ गरी नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख सन्तोष साहको SBI BANK को खातामा रु.२,७५,०००/- जम्मा गरेको रकम Smart Suppliers बाट जारी बीजक नं. २०९, २६३ र ३६८ बाट पानी तान्ने मेशिनसमेतका सामान खरिद तथा Installation गरेबापतको कमिसन रकम भएको पुष्टि हुन आई निज इन्जिनियर सन्तोष साहले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ६ बमोजिम समेतको भ्रष्टाचारजन्य कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निज राष्ट्रसेवक कर्मचारी इन्जिनियर सन्तोष साहलाई बिगो रु.२,७५,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिबाना र कैद सजाय हुन साथै घुस/रिसवत/कमिसनबापतको रकम रु.२,७५,०००/- (दुई लाख पचहत्तर हजार) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम निज सन्तोष साहबाट जफत हुन समेत मागदाबी लिइएको छ ।

साथै आरोपितमध्ये Smart Suppliers का सञ्चालक विकास जैनले पानी तान्ने मेशिनसमेतका सामान खरिद तथा Installation गरे बापतको घुस रिसवत/कमिसन स्वरूप रु.२,७५,०००/- सन्तोष साहको एसबिआई बैंकको खातामा जम्मा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निज Smart Suppliers का सञ्चालक विकास जैनलाई घुस/रिसवत/कमिसनबापतको बिगो रु.२,७५,०००/- (दुईलाख पचहत्तर हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी